नयाँ युगबोध राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८२।०८।११ गते प्रकाशित



# नेपाल विद्युत प्राधिकरण

दरबारमार्ग, काठमाडौं

## न्यू बुटवल-लमही ४०० के.भी. विद्युत प्रसारण लाइन आयोजना

## प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सुनुवाईको सूचना !

(वातावरण संरक्षण नियमावली, २०७७ को नियम ६ सँग सम्वन्धित)

(प्रकाशित मिति: २०८२/०८/११ गते )

लुम्बिनी प्रदेशका नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), रुपन्देही, पाल्पा, कपिलवस्तु, अर्घाखाँची र दाङ जिल्लाहरुमा नेपाल विद्युत प्राधिकरणद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

नेपाल विद्युत प्राधिकरणद्वारा लुम्बिनी प्रदेशको नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्लाको सुनवल नगरपालिकाको वडा नं. १३ क्षेत्र भएर निर्माण प्रस्ताव गरिएको न्यू बुटवल- न्यू दमौली ४०० के.भी प्रसारण लाइनको टावर नम्बर १६ बाट ट्याप हुने गरी सोही प्रदेशको नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), रुपन्देही, पाल्पा, कपिलवस्तु, अर्घाखाँची र दाङ जिल्लाभित्र रहने गरी करिब १६१ कि.मि. लम्बाई भएको न्यू-बुटवल लमही ४०० के.भी. विद्युत प्रसारण लाइन आयोजनाको निर्माण गर्ने प्रस्ताव गरिएको छ। प्रस्तावित आयोजना अन्तर्गत ४६ मिटर क्षेत्राधिकारसहित (प्रसारण लाइनको केन्द्रबाट २३ मिटर दायाँ र २३ मिटर बायाँ) करिब १६१ कि.मि. लम्बाईको ४०० के.भी. विद्युत प्रसारण लाइन निर्माणको कुल ४०५ वटा टावरहरु र दाङ जिल्लाको लमही नगरपालिका वडा नम्बर ९ स्थित रिहारमा ४००/२२०/१३२/३३/११ के.भी. क्षमताको सबस्टेशन निर्माण गरिनेछ ।

यस आयोजना निर्माण गर्नका लागि अन्तर्राष्ट्रिय दातृ निकाय एशियाली विकास बैंकले आर्थिक सहयोग गर्ने गरी प्रक्रिया अगाडि बढी रहेको छ। प्रस्तावित यस आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन यस भन्दा अगाडि श्री ऊर्जा जलश्रोत तथा सिंचाई मन्त्रालयको सचिव स्तरीय निर्णयबाट मिति २०८०/०८/२५ गते स्वीकृत भई आयोजना निर्माण आवश्यक प्रक्रियामा अगाडि बढीसकेको अवस्थामा उक्त स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षणमा उल्लेखित मोतीपुर सबस्टेशन निर्माण गर्ने विषय हालका लागि स्थगित भएको र दातृ निकाय एशियाली विकास बैंकको वातावरण तथा सामाजिक सुरक्षण नियम अनुसार स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षणमा उल्लेखित आयोजना प्रभाव क्षेत्रमा परिवर्तन समेत हुने भएकोले प्रचलित वातावरण संरक्षण नियमवाली बमोजिम श्री ऊर्जा जलश्रोत तथा सिंचाई मन्त्रालयको मिति २०८२/०५/०९ गतेको सचिव स्तरीय निर्णय अनुरुप पुनः प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन गर्नुपर्ने भएको छ ।

**प्रभाव पर्न सक्ने जिल्ला/न.पा./गा.पा./वडा :**

| | |
|---|---|
| नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्ला | सुनवल न.पा. वडा नं. ४, ६, ७, ११, र १३ |
| रुपन्देही जिल्ला | सैनामैना न.पा. वडा नं. १, २, ३, ५,६ ,९ र १०<br>बुटवल उप-म.न.पा. वडा नं. १, २, ३, ४, ६, ७, १२, १३<br>देवदह न.पा. वडा नं. ५, ६, ७, ९, १० |
| कपिलवस्तु जिल्ला | बाणगंगा न.पा. वडा नं. २, ७, ८, ९<br>बुद्धभुमि न.पा. वडा नं. १, ३, ९<br>शिवराज न.पा. वडा नं. १, ३, ९ |
| पाल्पा जिल्ला | रैनादेवी छहरा गा.पा. वडा नं. ७ र ८ |
| अर्घाखाँची जिल्ला | सितगंगा न.पा. वडा नं ८, ११ |
| दाङ जिल्ला | गढवा गा.पा. वडा नं. १,<br>लमही न.पा. वडा नं. १, ३, ४, ५, ६, ७, ८, ९<br>राप्ती गा.पा. वडा नं. १, २, ४, ५, ८ |

अतः माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारीको सिलसिलामा आयोजनाको कार्यान्वयनबाट प्रभावित हुने क्षेत्रमा प्रस्तावको बारेमा सार्वजनिक सुनुवाइको आयोजना गरी राय सुझाव संकलन गर्नुपर्ने भएकोले स्थानीय समुदायलगायत सबै सरोकारवालाहरुलाई उक्त प्रस्तावको कार्यान्वयनबाट सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैवीक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीबीच के कस्तो प्रभाव पर्दछ र सो बाट पर्ने नकारात्मक प्रभावको निराकरण र सकारात्मक प्रभावको बढोत्तरी गर्न के गर्न सकिन्छ भन्ने लगायतका विषयमा निम्न मिति, समय र स्थानमा आयोजना गरिने सार्वजनिक सुनुवाईमा उपस्थित भई आ-आफ्नो राय सुझाव उपलब्ध गराई दिनुहुन हार्दिक अनुरोध गरिन्छ ।

*नोटः आयोजनाले असर पार्ने सार्वजनिक संरचना र प्रभावित घरधुरीको विवरणहरु (संरचना र जग्गा) प्रभावित वडा कार्यालयहरुको सूचनापाटीमा टाँस गरिएको व्यहोरा जानकारीका लागि अनुरोध छ ।*

**कार्यक्रम हुने मिति, समय र स्थान**

| मिति | समय | स्थान |
|---|---|---|
| २०८२/०८/२१ | दिनको ११:०० बजे | सुनवल न.पा. को सभाहल |
| २०८२/०८/२२ | दिनको ११:०० बजे | देवदह न.पा. को सभाहल |
| २०८२/०८/२३ | दिनको ११:०० बजे | बुटवल उ.म.न.पा. को सभाहल |
| २०८२/०८/२४ | दिनको ११:०० बजे | सैनामैना न.पा. को सभाहल |
| २०८२/०८/२५ | दिनको ११:०० बजे | रैनादेवी छहरा गा. पा. वडा नं. ७ बेलाबास |
| २०८२/०८/२६ | दिनको ११:०० बजे | बाणगंगा न.पा. को सभाहल |
| २०८२/०८/२८ | दिनको ११:०० बजे | बुद्धभूमि न.पा. वडा नं. ३ रनगाई |
| २०८२/०८/२९ | दिनको ११:०० बजे | शिवराज न.पा. वडा नं. १ को कार्यालय |
| २०८२/०९/०१ | दिनको ११:०० बजे | शितगंगा न.पा. वडा नं. ११, दोबाटा |
| २०८२/०९/०२ | दिनको ११:०० बजे | गढवा गाउँपालिका वडा नं. १ को कार्यालय |
| २०८२/०९/०४ | दिनको ११:०० बजे | राप्ती गाउँपालिकाको सभाहल |
| २०८२/०९/०५ | दिनको ११:०० बजे | लमही न.पा. वडा नं. ९ को कार्यालय, रिहार |

आयोजकः


| प्रस्तावकः | परामर्शदाताः |
|---|---|
| नेपाल विद्युत प्राधिकरण<br>Nepal Electricity Authority<br>दरबारमार्ग काठमाडौं, नेपाल<br>फोनः ०१-४१५३०५४/४१५३०५५, पो.ब.नं: १००२०<br>ई-मेलः neamd@nea.org.np | एनइए इन्जिनियरिङ्ग कम्पनी लि.<br>NEA ENGINEERING COMPANY LTD.<br>ललितपुर महानगरपालिका वडा नं.-१०, ललितपुर, नेपाल<br>फोनः +९७७-०१-५९२१८०६/५९२१८५६<br>ई-मेलः info@neaec.com.np |